धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

प.सं. :- २०८०।०८१
च.नं. :- १५६६

मिति :- २०८०।०६।२६

**विषय : विद्यालयको आर्थिक कारोवार सम्बन्धमा।**

श्री सामुदायिक विद्यालयहरु सबै,
धनगढी उप-महानगरपालिका,
धनगढी, कैलाली।

प्रस्तुत विषयमा मिति २०८० असोज १४ गतेदेखि ऐ. २८ गतेसम्म यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट गरिएको सबै सामुदायिक विद्यालयहरुको अनुगनको क्रममा कतिपय विद्यालयमा रहेका खाताहरुबाट गरिने आर्थिक कारोवार फरक-फरक व्यक्तिहरुबाट भएको, विद्यालय लेखा प्रणाली (School Accounting System-SAS) बाट नभएको, बैंक खाताबाट कारोबार नभएको पाइएकोले अब उप्रान्त देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ।

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**देहाय :**

१) आधारभूत तह (कक्षा १-८) सम्म मात्रै सञ्चालित सामुदायिक विद्यालयको खाता सम्बन्धित विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नामबाट सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने।

२) माध्यमिक तह (कक्षा १-१० वा कक्षा १-१२) सञ्चालित सामुदायिक विद्यालयको हकमा विद्यालयको खाता सम्बन्धित प्रधानाध्यापक र नेपाल सरकारबाट प्राप्त अनुदानबाट पारिश्रमिक पाउने गरी नियुक्त गरिएका विद्यालय कर्मचारीको नामबाट मात्रै सञ्चालन गर्ने गराउने व्यवस्था गर्ने।

३) पहिले देखि नै बुँदा नं. १ र २ बमोजिम हुने गरेको भए सोही बमोजिम र नहुने गरेको भए पत्रको मितिले ७ (सात) दिनभित्र सो अनुसार खाता सञ्चालन गर्ने, गराउने व्यवस्था गरी तत्पश्चात विद्यालयका सबै खाले खाताहरु सोही बमोजिम सञ्चालन गर्ने, गराउने व्यवस्था गर्ने।

४) माध्यमिक तह (कक्षा १-१० वा कक्षा १-१२) सञ्चालित सबै सामुदायिक विद्यालयहरुले अनिवार्य रुपमा IEMIS को Webpage मा आधारित विद्यालय लेखा प्रणाली (School Accounting System-SAS) मा कार्य गर्ने, गराउने। आधारभूत तह (कक्षा १-८) सम्म मात्रै सञ्चालित सामुदायिक विद्यालयले सो कार्य ईन्टरनेट र कम्प्युटरको उपलब्धताको आधारमा गर्ने व्यवस्था मिलाउने।

५) विद्यालयका जुनसुकै प्रकारका आम्दानीहरु विद्यालयको बैंक खातामा आम्दानी बाँधेर चेक मार्फत मात्रै कारोवार गर्ने गराउने।

६) विद्यालयको सबै प्रकारको आर्थिक कारोबार गर्दा खर्च हुने रकम धनगढी उप-महानगरपालिका नगर शिक्षा ऐन, २०७४ (संशोधन सहित) को दफा २१ को उपदफा (१) बमोजिम पूर्णता पाई गठन भएको विद्यालय व्यवस्थापन समितिको निर्णयबाट मात्रै नियमानुसार खर्च गर्ने, गराउने।

७) आफ्नो विद्यालयमा बुँदा नं. १ देखि ६ सम्मका कार्यहरु भएको सुनिश्तिता पत्र यस कार्यालयमा पठाउने।

**बोधार्थ तथा अवगतार्थ :**

श्रीमान नगर प्रमुख ज्यू : जानकारीका लागि सादर अनुरोध।
श्रीमान नगर उपप्रमुख ज्यू : जानकारीका लागि सादर अनुरोध।
श्री सञ्चार तथा सुचना प्रविधि शाखा:- वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरी सार्वजनिक गरिदिनु हुन।
श्री वडा कार्यालयहरु सबै :- जानकारीका लागि अनुरोध।